आज मिति २०७७/१२/१२ गतेका दिन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका अध्यक्ष तथा श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री भुपेन्द्र थापाज्यूको अध्यक्षतामा तपसिल पदाधिकारीको उपस्थितिमा देहायबमोजिमका निर्णय गरियो।

**उपस्थिति**

श्री लाल बहादुर सार्की - प्रमुख – (जिल्ला समन्वय समिति, जुम्ला) (सल्लाहाकार)

श्री भूपेन्द्र थापा - प्रमुख जिल्ला अधिकारी- (जिल्ला प्रशासन कार्यालय, जुम्ला)

श्री कृष्ण प्रसाद चापागाई -जिल्ला समन्वय अधिकारी-(जिल्ला समन्वय समिति, जुम्ला)

श्री दान बहादुर थापा - प्रहरी नायब उपरिक्षक- (जिल्ला प्रहरी कार्यालय, जुम्ला)

श्री निजेन्द्र पाखरिन- सेनानी –(नन्दाबक्स गण, जुम्ला)

श्री रामशंकर के.सी.- प्रमुख अनुसन्धान अधिकृत - (राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, जुम्ला)

श्री राजिब शाह- निमित्त अस्पताल निर्देशक - (कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला)

श्री कृष्ण सापकोटा- निमित्त कार्यालय प्रमुख – (जिल्ला जनस्वास्थ्य कार्यालय, जुम्ला)

श्री रमेश शारू- सशस्त्र प्रहरी निरक्षक- (नं ३३ त्रिपुरा गण, जुम्ला)

श्री नन्दराम चौलागाई- सहायक प्र.जि.अ.- (जिल्ला प्रशासन कार्यालय,जुम्ला)

**विशेष आमन्त्रित:**

श्री कार्मा बुढा – उप प्रमुख जिल्ला समन्वय समिति, जुम्ला

**निर्णय नं. १.** जिल्ला भित्र अति आवश्यक वाहेकका भेला, जमघट,गोष्ठी,सेमिनार तथा अति भिडभाड हुने कुनै किसिमको कार्यक्रम, सभा, सम्मेलन तथा समारोह,आयोजना एवं सञ्चालन गर्न नदिने निर्णय गरियो।

**निर्णय नं.२.** भारत तथा तेस्रो मुलुकबाट जिल्ला भित्रिने व्यक्तिहरूको विवरण प्रत्येक स्थानीय तहले विवरण संकलन गरी अनिवार्य रूपमा DCCMC मा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं.३.** कोभिड-१९ को संक्रमणको दोस्रो वेभ सुरूवात भएको हुदाँ सोको रोकथामको लागि जिल्ला जनस्वास्थ्य कार्यालय, जुम्लाको समन्वयमा गाउँपालिकाका स्वास्थ्य ईकाइहरूले वडास्तरसम्म जनस्वास्थ्य र सुरक्षाका मापदण्ड परिपालना गर्न सचेतनामूलक अभियान सञ्चालन गर्न निर्णय गरियो। साथै शंकाष्पद विरामी देखिएको क्षेत्रमा स्वास्थ्य कर्मी मार्फत Antigen Based/RDT Test Screening गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.** जिल्ला भित्र कोभिड-१९ को संक्रमणको अवस्थालाई दृष्टिगत गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लालाई आइसुलेशन र भेन्टिलेटर सहितको ICU तयारी हालतमा राख्ने तथा सबै स्थानीय तहहरूमा आ-आफ्नो क्षेत्र भित्र पहिले सञ्चालनमा आएका क्वारेन्टाईन र आईसोलेशन तयारी अवस्थामा राख्ने व्यवस्था तथा भारत लगायत तेस्रो मुलुकबाट जिल्ला भित्रिएका व्यक्तिहरूको हकमा कम्तिमा एक हप्तासम्म होम क्वारेन्टाईनमा बस्ने व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.** कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि जिल्ला स्थित स्थानीय रेडियो तथा विद्युतीय माध्यमबाट चेतनामूलक सन्देश प्रसारण गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.** निकट रहेको फागु पुर्णिमा(होली) को अवसरमा सार्वजनिक स्थानमा भिडभाड हुने गरी नमनाउने र आफ्नो परिवारको सदस्यहरू भित्र मात्र मनाउन आम समुदायलाई सार्वजानिक रूपमा अपिल गर्ने निर्णय गरियो।

**निर्णय नं. ७.** DCCMC का सदस्य द्वय जिल्ला समन्वय अधिकारी श्री कृष्ण प्रसाद चापागाई र प्रहरी नायब उपरिक्षक श्री दान बहादुर थापाज्यूलाई यस समितिमा स्वागत गर्ने निर्णय गरियो।